म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ६९ आइतबार २१ असोज २०८० ने. सं. ११४३ ञलगा 8 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा बुवामाथि खुर्पा प्रहार, छोरा फरार

हेटौंडा, २० असोज/हेटौंडामा एक व्यक्तिले आफ्नै बाबुमाथि खुर्पा प्रहार गरेका छन् । हेटौंडा उपमहानगरपालिका-१३ मुस्कानटोलका ३५ बर्षीय दीपक मोक्तानले आफ्नै बाबु ६५ बर्षीय जीतबहादुर मोक्तानमाथि खुर्पा प्रहार गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीका अनुसार शुक्रबार बुवा छोराबीच घरायसी विवाद हुँदा दीपकले जीतबहादुरको काँधमा खुर्पा प्रहार गरेका हुन् । जीतबहादुर घाइते भएका छन् । उनको उपचारका लागि भरतपुर पठाइएको प्रहरीले जनाएको छ । खुर्पा प्रहार गर्ने छोरा दीपक फरार रहेका छन् । उनको खोजीकार्य भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग्याउने स्वास्थ्यमन्त्री बस्नेतको संकेत

साझाकुरा संवाददाता



हेटौंडा, २० असोज/ संघीय सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हेटौंडा अस्पताल अलग्याउने संकेत गरेका छन् ।

शनिवार हेटौंडा-२, स्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री बस्नेतले प्रतिष्ठान बनाएर मदन भण्डारीको नाम राखेकोप्रति पनि आपत्ति जनाए । उनले जिल्ला अस्पताललाई कसैको नाम जोडेर अस्तित्व समाप्न पार्न नपाइने बताए । पत्रकारहरुले अस्पताललाई प्रतिष्ठानबाट अलग्याउनुपर्छ भन्ने आवाज प्रदेशसभा सम्मै पुगेकोमा संघीय सकारको धारणा माग गरेका थिए । जवाफमा मन्त्री बस्नेतले कसैको नाम जोडेर संघीय सरकार मातहत अस्पतालको अस्थित्व समाप्त पार्न नहुने घुमारोसँग भनेका हुन् । 'कसैको नाम जोडेर हुँदैन । प्रतिष्ठान बनाएर नाम राख्न हामीलाई पनि मन छ ।', बस्नेतले भने ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको कार्यकालमा हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाएर प्रदेश मातहत ल्याइएको थियो । बागमती प्रदेश सरकार मातहतको प्रतिष्ठानले हेटौंडा अस्पताल सञ्चालन गरिरहेको छ । अस्पतालले हाल नयाँ भवनबाट सेवाप्रदान गरिरहेको छ । नयाँ भवन प्रतिष्ठानकै नाममा प्रदेश सरकारले निर्माण गरेको थियो ।

यसअघिका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले पनि अस्पताललाई प्रतिष्ठानबाट अलग गराउने गरी विधेयक संशोधन प्रस्ताव प्रदेशसभामा लगेका थिए । पाण्डे सरकारले प्रतिष्ठानबाट अस्पताल अलग्याउन खोजेपछि प्रदेशसभा बैठक ४ दिनसम्म नेकपा एमालेले अवरुद्ध गरेको थियो । तत्कालीन प्रदेश सरकारले हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग्याएर पुरानै अस्तव्यस्तको अवस्थामा ल्याउन खोजेको भन्दै हेटौंडामा सडक आन्दोलन नै निस्किएको थियो ।

प्रतिष्ठानबाट हेटौंडा अस्पताल अलग्याउने विषयमा प्रदेश सरकारसँग समन्वय गर्ने स्वास्थ्य मन्त्री बस्नेतको भनाई छ । प्रतिष्ठान र अस्पतालको विषयमा प्रदेश सरकार मातहतमा पनि छलफल चलिरहेको बताउँदै मन्त्री बस्नेतले संघीय सरकारमा कुरा उठेको बताए । हेटौंडा अस्पताल संघीय सरकार मातहतमै चल्नुपर्ने उनको भनाई छ । 'प्रतिष्ठानबाट छुट्टै हुनुपर्छ भन्ने कुरा छ । यसको स्तरोन्नति हुनुपर्छ ।', उनले भने ।

हेटौंडामा पनि विगतको महिनादेखि मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पताल प्रतिष्ठानबाट अलग्याएर संघीय सरकार मातहत ल्याउन अस्पतालका पूर्वअध्यक्षदेखि सत्ता गठबन्धनमा रहेका दलका जिल्ला तहका पदाधिकारीहरु प्रदेश सरकारको ध्यानाकर्षण गराइरहेका छन् । यसअघि गत आइतबार अस्पतालाई प्रतिष्ठान अन्तर्गतबाट हटाएर संघीय सरकार मातहत नै राख्न आग्रह गर्दै नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महत, नेकपा माओवादी केन्द्र मकवानपुरका सचिव भीम पाखिन, नेकपा एस मकवानपुरका सचिव ध्रुव भुजेल र अस्पतालका पूर्वअध्यक्ष प्रकाश पौडेलले प्रदेशसभामा पुगेर मन्त्री तथा सांसदहरुलाई ज्ञापनपत्र बुझाएका दिए ।

यसैगरी, शनिवार हेटौंडामा पत्रकारहरुसँग कुरा गर्दै मन्त्री बस्नेतले नागरिकहरु स्वास्थ्य उपचार नपाएर मर्नु पर्ने अवस्था नआउने दाबी गरेका छन् । सरकारले नागरिकमा सहज स्वास्थ्यसेवाको पहुँच पुऱ्याउने काम गरिरहेको दाबी गरे । सरकारी र निजी दुवै स्वास्थ्य संस्थालाई नागरिकको उपचारका लागि सहज र सुलभ सेवाप्रवाहको व्यवस्था मिलाउन निर्देशन दिइएको उनको भनाइ छ ।

मन्त्री बस्नेतले पछिल्लो समयमा चिकित्सकमाथि भएका आक्रमणका घटनाका विषयमा सरकार र मन्त्रालय गम्भीर रहेको र त्यस्ता घटनामा संलग्नहरुलाई पक्राउ गरी कानुनअनुसार कारबाहीको दायरामा ल्याउने काम भइरहेको बताए । चिकित्सक र स्वास्थ्यकर्मी माथि भएका आक्रमणमा छानबीन गरी कारबाही गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाई छ ।

मन्त्री बस्नेतले चिकित्सा शिक्षा ऐन संशोधन आवश्यक रहेको बताए । हेटौंडा उपमहानगर पालिका वडा नम्बर-६ मा नवनिर्मित सिद्धस्थली ग्रामीण सामुदायिक अस्पतालको नवनिर्मित भवन उद्घाटन गर्दै मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रमा नीतिगत सुधारका लागि ऐन संशोधन आवश्यक रहेको औंल्याए । उनले चिकित्सा शिक्षा क्षेत्रका विद्यमान समस्या समाधान गर्न हालको ऐनमा भएका कमिकमजोरी संशोधन गर्नुपर्ने उनको भनाई छ ।

ऐन संशोधनका विषयमा प्रधानमन्त्री सकारात्मक रहेको र ऐन संशोधन प्रक्रिया अगाडि बढेको उनले जानकारी दिए । चिकित्सा शिक्षा ऐन संशोधन नभए डाक्टर, नर्सहरुलाई मुलुकमा टिकाउन नसक्ने र जनताले सहज उपचार पाउन नसक्ने अवस्था रहेको उनको भनाई छ ।

## सिद्धस्थली सामुदायिक अस्पतालको नवनिर्मित भवन उद्घाटन



हेटौंडा उपमहानगर पालिका-६ स्थित रामनगरमा रहेको सिद्धस्थली ग्रामीण सामुदायिक अस्पतालको नवनिर्मित भवन उद्घाटन गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतले शनिवार अस्पतालको नयाँ भवन उद्घाटन गरेका हुन् । अस्पतालका अध्यक्ष डा. अबन गौतमको प्रयासबाट सिंगो अस्पताल बनेको भन्दै मन्त्री बस्नेतले डा. गौतम र सिंगो टिमलाई सरकारका तर्फबाट आभार व्यक्त गरेका छन् ।

अध्यक्ष गौतमले अस्पताल स्थापना र सञ्चालनका लागि देश तथा विदेशमा आर्थिक सहयोगको लागि पहल गर्ने सबैमा आभार व्यक्त गरे । अस्पताल सञ्चालन पश्चात थोरै सेवाशुल्क मार्फत् जम्मा भएको रकमले अस्पतालको उद्देश्य र कार्यक्रममा पुन:प्रयोग गरिने भन्दै अहिलेसम्म यस अवधिमा भवनको लागत करिब ५ करोड खर्च भएको अध्यक्ष गौतमले जानकारी दिए ।

अस्पताललाई डाईरेक्ट रिलिफबाट प्रारम्भिक सहयोग तीन करोड ६३ लाख र बाँकी च्यारिटी गरेर अन्य संस्था चान्स फर नेपालबाट सहयोग जुटाई निर्माण गरेको जनाइएको छ । छिटै सेवा संचालनमा आउने तयारीमा रहेको अस्पतालमा आफ्नै अक्सिजन प्लाण्ट रहेको विद्युतका लागि सय केभीए बराबरको सोलार जडान गरिएको छ । अस्पतालमा १५ शैयाको वेड रहने र जनरल ओपीडि, कन्सल्लटेन्ट, ओपीडि, दन्तसेवा, एक्सरे, अल्ट्रासाउण्ड, फार्मेसी, ल्याबका साथै ईमरजेन्सी सेवाहरु दिने लक्ष्य रहेको गौतमले बताए ।

# बागमती प्रदेशका ३६० पत्रकारको दुर्घटना बीमा




साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ सञ्चार रजिष्ट्रार कार्यालय बागमती प्रदेश हेटौंडाले प्रदेशका ३ सय ६० जना पत्रकारको सामूहिक दुर्घटना बीमा गरेको छ । नेपालका ५० प्रतिशत पत्रकार र ७० प्रतिशत सञ्चारमाध्यम बागमती प्रदेशमा रहेको तथ्यांक छ ।

बीमा ऐन २०४९ को दफा ८ को उपदफा (घ) अनुसार र बीमा समितिले बनाएको दुर्घटना बीमा निर्देशिका २०७८ बमोजिम सञ्चार रजिष्ट्रार कार्यालय बागमती प्रदेशबाट परिचयपत्र प्राप्त गरी नवीकरण गरेका ३६० जना पत्रकारको सामूहिक दुर्घटना बीमा गरिएको हो । प्रतिव्यक्ति ७ लाख रुपैयाँसम्मको सामूहिक दुर्घटना बीमा नेपाल सरकारको स्वामित्व प्राप्त राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग गरिएको सञ्चार रजिष्ट्रार कार्यालय बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटाले जानकारी दिएका छन् ।

पहिलो चरणको बीमा कार्यक्रम बीमा लागूभएको मितिले ३ सय ६५ दिन कायम रहने उनले बताए । सञ्चार रजिष्ट्रारको कार्यालयबाट परिचयपत्र प्राप्त गरेका तर, नवीकरण गर्न बाँकी रहेका पत्रकारले आफ्नो परिचयपत्र नवीकरण गरी दोस्रो चरणको बीमा कार्यक्रममा सहभागी हुन सक्ने सञ्चार रजिष्ट्रार सापकोटाले बताए । दुर्घटनामा परी मृत्यु भएमा बीमामार्फत उपलब्ध गराइने रकमले शववाहनदेखि किरिया खर्चगर्न सक्ने उल्लेख छ । क्रियाशील भएर काम गर्ने पत्रकारको मनोबल बढाउन, उनीहरु सुरक्षित भएर तष्टस्थ रुपमा काम गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि बीमा कार्यक्रम प्रभावकारी बन्ने सञ्चार रजिष्ट्रार सापकोटाको विश्वास छ ।

पत्रकारले सुरक्षित महसुस गर्नसके मात्रै गुणस्तरीय समाचार लेख्न मद्दत पुग्छ, आगामी दिनमा सामाजिक सुरक्षामा लैजाने योजना पनि बनाइरहेका छौं, सञ्चार रजिष्ट्रार सापकोटाले बताए । उनले सम्बन्धित पत्रकार, सञ्चार माध्यम र सरकारको सहभागितामा २५/२५ र सरकारको तर्फबाट ५० प्रतिशत रकम व्यहोर्नेगरी सामाजिक सुरक्षा कोषमा आबद्ध हुनेगरी योजना बनाउँदै गरेको र पत्रकारको संस्थागत विकास र सुरक्षामा यस्ता कार्यक्रमले थप ऊर्जा थप्न मद्दत पुग्ने विश्वास लिए । बागमती प्रदेश सरकारले प्रदेश सञ्चारमाध्यम ऐन २०७५ बनाएपछि ऐनमार्फत प्रदेशमा रजिष्ट्रार नियुक्त गरिएको थियो ।

# थाहा नगरपालिकामा कन्टेर पल्टिँदा चालक श्रेष्ठको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिका-१ कुन्छालमा शनिबार बिहान कन्टेनर गाडी दुर्घटना हुँदा एकजनाको घटनास्थलमै मृत्यु भएको छ ।

कन्टेनर चालक नुवाकोट बेलकोट नगरपालिका-५ बस्ने ४२ बर्षीय दीप श्रेष्ठको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । त्रिभुवनराजपथ हुँदै हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको जाँदै गरेको ना ६ ख ३९८७ नम्बरको कन्टेनर गाडी मोडमा आफैं अनियन्त्रित भएर दुर्घटना भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

कन्टेनर सडकबाट करिब ५० मिटर तल खसेर दुर्घटना हुँदा चालक श्रेष्ठको घटनास्थलमै मृत्यु भएको उनले बताए । प्रहरीका अनुसार कन्टेनर घट्नास्थलमा रहेको छ । घटनाबारे प्रहरीले अनुसन्धान भइरहेको जनाएको छ ।

# बागमती प्रदेश उद्योग परिसंघको अध्यक्षमा पोखरेल



साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ हेटौंडाका उद्योगी लेखराज पोखरेल बागमती प्रदेश उद्योग परिसंघको अध्यक्षमा चयन भएका छन् । शनिबार हेटौंडामा भएको परिसंघको दोस्रो अधिवेशनबाट पोखरेलको अध्यक्षतामा नयाँ समिति गठन भएको हो ।

परिसंघका अध्यक्ष भेषराज दवाडीको अध्यक्षतामा भएको अधिवेशनमा बागमती प्रदेशका मुख्यमन्त्री सालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यता रहेको थियो । अधिवेशनबाट परिसंघको वरिष्ठ उपाध्यक्षमा त्रिलोचन कँडेल, उपाध्यक्षमा स्वागतराज प्याकुरेल, दिवस न्यौपाने र सूर्यप्रसाद न्यौपाने चयन भएका छन् । यसैगरी सदस्यमा बद्रीनाथ शर्मा, सुयशराज पराजुली, श्रीहरि मास्के, धिरजकुमार कार्की क्षेत्री, शरदचन्द्र भट्टराई, शिरोमणि प्याकुरेल, सृजन कोइराला, राजेन्द्र रिजाल, महेन्द्रबहादुर बानियाँ, दिवश चौलागाई र सुदर्शन अधिकारी रहेका छन् ।

परिसंघको पदेन सदस्यमा सिन्धुलीका बलराम अधिकारी, नुवाकोटका राजाराम अधिकारी, महलिा उद्यमी मञ्चकी चन्दना कोइरला र युवाउद्यमी मञ्चका अमर घिमिरे रहेका छन् । यसैगरी बागमती प्रदेश महिला उद्यमी मञ्चको संयोजकमा चन्दना कोइराला चयन भएकी छिन् । सदस्यमा सृजना सोती, कविता श्रेष्ठ, सबिना सडौला र सीता धिताल अधिकारी रहेका छन् । बागमती प्रदेश युवा उद्यमीमञ्चको संयोजकमा अमर घिमिरे चयन भए । सदस्यमा सुरेन्द्र कार्की, रविन पोखरेल, सरोज अधिकारी, विजय अधिकारी, दिनेश डंगोल, अनिष पौडेल र आश्विन गोले छन् ।

# हेटौंडामा थारु महिलाहरुले मनाए जितिया पर्व

साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ हेटौंडामा थारु समुदायका महिलाहरुको जितिया पर्व पावनको शुभकामना आदनप्रदान कार्यक्रम भएको छ । थारु महिलासभा मकवानपुरले थारु कल्याणकारीसभा मकवानपुरसँगको समन्वयमा जितिया पर्व मनाएको हो ।



कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी मेयर मीना कुमारी लामाको प्रमुख आतिथ्य तथा नेपाल आदिवासी जनजाति महासंघ मकवानपुरका उपाध्यक्ष लिलाकुमार घलान र नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)का संघीय प्रतिनिधि एवं मकवानपुर बहुमुखी क्याम्पसका प्राध्यापक सुरेश श्रेष्ठको विशेष आतिथ्य रहेको थियो । कार्यक्रममा बोल्दै मेयर लामाले भाषा, संस्कृतिको संरक्षणमा आदिवासी जनजाति महिलाको महत्वपूर्ण रहेको भन्दै स्थानीय सरकार (हेटौंडा उपमहानगरपालिका) स्थानीय (हेटौंडेली) समुदायको संस्कार, संस्कृतिको संरक्षणमा गम्भीर रहेको भन्दै सहयोगको प्रतिवद्धता जनाएकी छन् ।

कार्यक्रममा आदिवासी जनजाति महासंघका जिल्ला उपाध्यक्ष घलानले जितिया पर्व थारु महिलाको स्वास्थ्य र पारिवारिक दृष्टीले राम्रो भएको भन्दै थारुसहित आदिवासी, जनजातिको संस्कार, संस्कृति जगेर्ना गर्न स्थानीयसँगै प्रदेश र संघीय सरकारले पनि सहयोग गर्नुपर्ने बताए । कार्यक्रम थारु महिलासभा मकवानपुरकी सभापति द्रौपतीदेवी चौधरीको अध्यक्षतामा भएको थियो । कार्यक्रममा परम्परागत थारु भेषभुषामा सजिएर महिलाहरुले गीत, नृत्यसहित आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

कार्यक्रममा थारु कल्याणकारीसभा मकवानपुरका निवर्तमान सभापति हरिलाल चौधरी, कोषाध्यक्ष उमा चौधरी, थारु विद्यार्थीसभाका केन्द्रीय सदस्य दिप्सन चौधरीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा थारु कल्याणकारीसभा मकवानपुरका सभापति सचिदानन्द चौधरी, जिल्ला सल्लाहकार किशोरकुमार चौधरी, थारु विद्यार्थीसभा मकवानपुरका सभापति राजेशप्रसाद चौधरी लगायतको आतिथ्य रहेको थियो ।

जितिया पर्वको पहिलो दिन हेटौंडाको राप्तीखोलामा सामूहिक स्नान गरेका थारु महिलाले दोस्रो दिन जितिया भगवानको निराहार/निर्जल व्रत बसेर जितमहान भगवानको कथा सुनेका थिए । साथै, तेस्रो दिन विधिपूर्वक सामूहिक पूजा गरेर पारायण गरेको थारु कल्याणकारसभा मकवानपुरका सचिव चन्द्रकान्त चौधरीले जानकारी दिए ।

विशेषगरी थारु समुदायका विवाहित महिलाहरु आफ्नो सन्तान (छोराछोरी)को दीर्घायुको लागि व्रत बस्ने गर्दछन् । हेटौंडामा थारु समुदायको महान् पर्व माघी पर्व, सामाचकेवा, जितिया सामूहिक रुपमा मनाउँदै आएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बालविकासमा लगानी

मुलुक संघीयतामा गएपछिको चर्चित नारा बन्यो गाउँगाउँमा सिंहदरवार । गाउँको सिंहदरवारले गाउँघरमा चाहिनेभन्दा बढी डोजर चलायो । वातावरणीय प्रभावको कुनै वास्ता नगरी चलाइएको डोजरे विकास धेरै भयो । जहाँ बाक्लो वन छ त्यही वनबाट सडक खन्यो । सडक बनायो, घर बनायो, गाडी किन्यो, पुल बनायो, ढल बनायो, भौतिक विकासमा राम्रै फड्को मारेको अनुभूति दिलायो । तर, शिक्षामा लगानी गर्न डरायो वा पछि हट्यो । त्यो गाउँको सिंहदरवारले शिक्षा क्षेत्रको महत्व बुझेन । आफैंलाई पढाएका गुरुबा, गुरुआमालाई पनि मान्न छोड्यो, र आफूलाई नमस्ते नगरेको, चाकडी नगरेको बहानामा सरुवा गर्न थाल्यो । आफ्ना बालबालिका संस्थागत विद्यालयमा भर्ना गरेर गाउँमा भएको सामुदायिक विद्यालयमा राजनीति सुरु गर्‍यो गाउँको सिंहदरवारले । पहिला पनि गाउँका सामुदायिक विद्यालयमा राजनीति हुने गरेको थियो तर, गाउँमा सिंहदरवार आएपछि चर्को ठूटे राजनीति हुन थाल्यो । गाउँको सिंहदरवारले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भन्दा पनि पदेन सदस्य रहेको वडाअध्यक्ष ठूलो हुन्छ भन्दै प्रअलाई वडाअध्यक्षको नाम विब्यस अध्यक्ष भन्दा माथि राख्न दवाब दिन थाल्यो । यस्तो हर्कत सुरु भएपछि विद्यालयमा काम गर्ने वातावरण नै खल्बलियो ।

अहिले कक्षा १ का बालबालिकामा गरेको लगानीको प्रतिफल देखिन कम्तिमा १५ वर्ष कुर्नु पर्छ । तर, गाउँको सिंहदरवारले भौतिक विकास गरेर आफ्ना मतदाताको मन जित्ने प्रयासमा तल्लिन देखियो । गाउँको सिंहदरवारले शिक्षकलाई दिएको तलवको भालुम हेरेर सबैभन्दा बढी शिक्षामा बजेट गएको भाषण गर्दै हिडिरहेको छ । गाउँको सिंहदरवारले बालबालिकाको क्षेत्रमा लगानी गर्न अघि नबढेपछि प्रदेश सरकारले थोरै भएपनि पहल सुरु गरेको छ । पछिल्लो पटक बागमती प्रदेशको शिक्षा विकास निर्देशनालय हेटौंडाले चालु आर्थिक वर्ष २०८०/८१ मा बाल विकास केन्द्रहरु (इसिडी) को स्तरोन्नति गर्ने योजना बनाएको छ । निर्देशनालयले एक करोड ५० लाख रुपैयाँ लागतमा प्रदेशका १३ जिल्लामा एक-एकवटा बाल विकास केन्द्रलाई नमूनामूलकरुपमा स्तरोन्नति गर्न लागेको जनाएको छ । यो थोरै र सानो काम हो तर, यसको प्रभाव एकदसक पछि राम्रै देखिएला । स्थानीय तहसँगको सहकार्यमा प्रत्येक जिल्लामा एक-एकवटा बालविकास केन्द्रको स्तरोन्नति गर्ने योजना बनाएको शिक्षा विकास निर्देशनालय हेटौंडाले जनाएको छ । यसका लागि कार्यबिधि बनाएर मात्र काम सुरु गरिने भएको छ । अहिले सञ्चालन भइरहेका कतिपय बालविकास केन्द्रहरु बालमैत्री छैनन् । बालविकास केन्द्रमा हुनुपर्ने सुविधाहरु पनि छैनन् । नाम बालविकास केन्द्र अरु कक्षाहरु जस्तै गरी सामुदायिक विद्यालयले सञ्चालन गरिरहेका छन् । न्यून लगानीका कारण धेरैजसो सामुदायिक बालविकास केन्द्रमा साना नानीहरु रमाउने खालको पूर्वाधार र शैक्षिक सामग्रीको अभाव छ ।

विकसित राष्ट्रमा सबैभन्दा बढी लगानी बालविकासमा हुन्छ । तर, नेपालमा भने पूर्वप्राथमिक तहमा भन्दा बढी लगानी प्राथमिक तहमा छ । बालविकासमा बजेट नपुगेका कारण शिक्षा विभागले निर्धारण गरेका बालविकास रणनीति, लक्ष्य र मापदण्ड समेत पूरा हुन नसकेको देखिन्छ । त्यसैले बालविकासमा लगानी बढाउने कुरामा तीनै तहका सरकारको ध्यान जानु जरुरी देखिन्छ । बालविकासको अवधारणा अनुसार तिनलाई हुर्काउने र सिकाउने सहजकर्ता र शिक्षकहरुको पनि ठूलो अभाव छ । शैक्षिक योग्यता कम भएका सहजकर्ताको भरमा अधिकांश बालविकास केन्द्र चलेका छन् । स्नातक गरेर बालविकास सम्बन्धी तालिम लिएका व्यक्तिलाई पूर्वप्राथमिक तहको शिक्षक हुन योग्य मानिने सर्वस्वीकृत मापदण्ड भए पनि नेपालमा १० कक्षा उत्तीर्ण गरेका व्यक्तिलाई बालविकास केन्द्रको सहयोगी कार्यकर्ता बनाइएको छ । स्वदेशमै लामा-छोटा अवधिका बालविकास सम्बन्धी तालिम लिएका शिक्षकहरु पनि आफूले पाएको बाल शिक्षण सीपसँग सन्तुष्ट हुनसकेको देखिँदैन । प्रदेश सरकारले बालविकासको क्षेत्रमा लगानी बढाउनुको बिकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असोज २२ गते सोमबार १० अक्टोबर २०२३ । दशमी, आश्विन कृष्णपक्ष । ञलगा ११४३ ने.सं. । सूर्योदय ६:०१, सूर्यास्त ५:४० । विश्व हुलाक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ हुनसक्नेछ | तुला | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| वृष | : काममा सफलता मिल्नेछ | वृश्चिक | : अहंकारको भावले काम विगार्नेछ |
| मिथुन | : अधुरा कामहरु पूरा हुनेछ | धनु | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कर्कट | : स्वास्थ्यको समस्या आउनेछ | मकर | : व्यापार राम्रो चल्नेछ |
| सिंह | : परिवारमा सुखद माहौल रहनेछ | कुम्भ | : मानसिक सन्तोष हुनेछ |
| कन्या | : स्थिति अनुकूल बन्नेछ | मीन | : धन प्राप्ति हुनेछ |

# राष्ट्रपतिबाटै स्वविवेकीय अधिकारको विवेकयुक्त प्रयोग भएन



माधव पौडेल

माफी-मिनाहा फौजदारी न्यायप्रणालीसँग जोडिएको विषय त हो, तर त्यही प्रणाली विचलित हुने गरी यसको प्रयोग गर्न मिल्दैन । संविधान र कानुनमा भएका व्यवस्थालाई यान्त्रिक रूपमा हेर्न मिल्दैन, विवेकपूर्ण प्रयोग गर्नुपर्छ । सामान्यतया संविधानमा भएको व्यवस्था बमोजिम राष्ट्रप्रमुखबाट अत्यन्त अपवादात्मक रूपमा माफी-मिनाहाको प्रावधान अभ्यास गरिन्छ । राष्ट्रपतिले प्रयोग गर्ने यो अधिकारलाई सामान्यीकरण गर्न हुँदैन ।

हाम्रा विगतका संविधानमा पनि राष्ट्रप्रमुखले माफी-मिनाहा दिने व्यवस्था थियो । उनीहरूले अड्डा-अदालत, कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको सजायलाई माफी गर्ने, परिवर्तन गर्ने, केही समय मुल्तवीमा राख्ने वा कम गर्ने व्यवस्था थियो । जुन अहिले पनि कायम छ । भारतको संविधानमा पनि माफी-मिनाहा सम्बन्धी यस्तै व्यवस्था छ । संघीय संरचना भएका भारत जस्ता केही मुलुकमा र ाष्ट्रपति र प्रदेशको गभर्नरले पनि त्यस्तो अधिकार प्रयोग गरेका हुन्छन् ।

पहिलो संविधानसभाको बेलामा प्रदेश प्रमुखले पनि यो अधिकार प्रयोग गर्न पाउनुपर्छ भन्ने कुरा उठेको थियो । फौजदारी न्यायप्रणालीको विषय संघीय तहमा सीमित राख्नुपर्छ भन्ने निष्कर्ष निकालेपछि त्यो बहसको सन्दर्भ सकियो ।

जुनसुकै मुलुकमा पनि केही निश्चित आधार र अवधारणाका आधारमा माफी-मिनाहाको प्रयोग हुनसक्छ । सार्वजनिक हित वा कल्याणका लागि माफी-मिनाहाको निर्णय गर्नुपर्ने हुनसक्छ । कतिपय परिस्थितिमा सजायको माफी-मिनाहा नगर्ने हो भने सार्वजनिक हित र शान्तिसुरक्षा हुँदैन भन्ने महसुस भएमा यस्तो निर्णय गर्नुपर्ने हुनसक्छ ।

कुनै विदेशी नागरिकले पाएको सजायका कारण दुई मुलुकबीचको सम्बन्धमा असर पर्ने भएमा पनि माफी-मिनाहाको निर्णयबाट सम्बन्ध सुधार र समाधान खोज्न सकिन्छ । अदालतबाट कसुर ठहर भइसकेको अवस्थामा अरू कुनै कानुनी उपचार छैन भने माफी दिनुपर्ने बाटो अपनाउनुपर्ने हुन्छ ।

अदालतबाट न्याय निरुपण गर्दा स्वच्छ सुनुवाइ नभएमा, बुझ्नुपर्ने प्रमाण पछि भेटिएमा र कुनै कारणले सम्बन्धित पक्षलाई अन्यायमा पर्ने भएमा माफी-मिनाहाको बाटो पहिल्याउने गरिन्छ । ऊमाथिको सजाय अन्तिम भइसकेको छ, सच्याउन पाउने ठाउँ छैन भने राष्ट्रपतिले अपवादको रूपमा माफी-मिनाहाको बाटो रोज्न सक्छन् । तर यो सामान्य उपाय हुँदै होइन, अपवादको रूपमा मात्रै प्रयोग गरिन्छ ।

सार्वभौम अधिकार प्रयोग गरेर राष्ट्रप्रमुखले कसुरदारहरूलाई माफी-मिनाहा दिने अभ्यास अरू मुलुकहरूमा पनि छ । संसदीय प्रणाली भएको मुलुकमा मन्त्रिपरिषद्को सल्लाह र सम्मतिका आधारमा यस्तो निर्णय लिइन्छ । बेलायतमा माफी-मिनाहा महारानीको विशेष अधिकार हो, यद्यपि त्यहाँ समेत द्दमन्त्रिपरिषद्को सिफारिसबाट मात्रै त्यसको कार्यान्वयन गरिन्छ ।

संविधानमा रहेका कैद कट्टाको सुविधा र माफी-मिनाहा दुई फरक विषय हुन् । त्यसैले दुई किसिमबाट माफी-मिनाहाको प्रक्रिया अघि बढ्न सक्छ । कसुरदार आफैंले गृह मन्त्रालय मार्फत राष्ट्रपति कार्यालयमा निवेदन दिएर माफी पाउन सक्छ । अर्कोतर्फ हाम्रो कारागार सम्बन्धी ऐन नियमावली अनुसार असल चालचलन भएको र आधा कैद भुक्तान गरिसकेको व्यक्तिलाई मन्त्रिपरिषद्को विवेकपूर्ण निर्णयबाट बाँकी कैद मिनाहा गर्न सक्छ ।

माफी-मिनाहाको विषयलाई संविधानमा मात्रै नभएर हाम्रो फौजदारी संहितामा पनि राखिएको छ । कस्तो विषयमा माफी हुन्छ, कस्तोमा हुँदैन, कस्तो प्रक्रिया अपनाउने भनेर विस्तृत व्यवस्था गरिएको छ ।

२०७२ सालमा संविधान जारी गरेपछि रूपान्तरित व्यवस्थापिका संसदले बनाएका केही संहिता कानुनहरू राष्ट्रिय सहमतिका दस्तावेज हुन् । रूपान्तरित संसदमा विभिन्न दलका संयोजकहरूले प्रतिनिधित्व गरेर संहिता कानुन बनाउने क्रममा आपसी सहमतिमै १० वटा विषयमा माफी दिनुहुँदैन भन्ने व्यवस्था राखिएको हो । माफीका लागि अदालतमा त्यो मुद्दा अन्तिम भएको हुनुपर्छ भन्ने व्यवस्था थपियो । गम्भीर प्रकृतिका अपराधका कसुरदारलाई यस्तो सुविधाबाट वञ्चित गर्ने व्यवस्था पनि कानुनमै राखियो । यी शर्तहरू पूरा गरेपछि मन्त्रिपरिषद्को सिफारिसका आधारमा राष्ट्रपतिले विवेक प्रयोग गरेर निर्णय गर्नुपर्ने व्यवस्था राखियो ।

कारागारमा बसेका कैदीहरूले असल चालचलन र सुविधाबापत पाउने कैद कट्टाको विषय नेपालको सन्दर्भमा अलि फरक छ । अरू मुलुकहरूमा कैद छुट वा कट्टाको विषय राष्ट्रपतिबाट प्रयोग हुँदैन, कारागार प्रशासकहरूले नै आफ्नो विवेकमा निर्णय गर्छन् ।

उदाहरणका लागि, कसैलाई २० वर्ष सजाय तोकिएको छ । ऊ १८ वर्ष कारागार बसिसकेको छ, चालचलन राम्रो छ र ऊ जेलबाट बाहिर निस्कँदा समाजले खतरा महसुस गर्दैन भने कारागार प्रशासकले विवेक प्रयोग गरेर सहुलियत दिन सक्छ । २०७४ सालमा मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, कसुर तथा सजाय निर्धारण ऐन लगायत संहिता कानुन जारी गर्दा ७५ प्रतिशत कैद भुक्तान गरेकाहरूले मात्रै छुट पाउने व्यवस्था थियो । तर एक वर्ष नहुँदै २०७५ सालमा त्यसलाई संशोधन गरेर ५० प्रतिशतमा झारियो । सीमित क्षमताका कारण हाम्रा कारागारहरू कैदीबन्दी राख्नै नसक्ने अवस्था भएपछि आधा कैद भुक्तान गरेका निश्चित कैदीहरू घर जान मिल्ने व्यवस्था गरिएको हो । ७५ प्रतिशत कैद भुक्तान गरेकाहरूले मात्रै यस्तो सुविधा पाउने व्यवस्था गर्दा कारागारहरूले धान्नै नसक्ने अवस्था बन्यो ।

हाम्रा कारागारहरूमा क्षमताभन्दा कैयौं गुणा बढी कैदीहरू राखिएका छन् । कारागारमा राज्यको पटक्कै लगानी छैन । राज्यले कसुरदारलाई पक्राउ गरेर कारागार पठाएपछि आफ्नो कर्तव्य पूरा भएको ठान्छ । अहिलेको अवस्थामा मानवोचित हुनुपर्ने कारागारहरू यातना शिविर जस्ता छन् । जुनसुकै गृहमन्त्री आए पनि कारागार सुधार प्राथमिकतामा परेको देखिँदैन । राणाकालमा बसेका संरचनाहरूमा अहिले पनि कैदीबन्दी राखिएको छ ।

कैद कट्टाको बारेमा जेलरले निर्णय गर्न सक्ने भए पनि राष्ट्रपतिबाटै निर्णय गराउने अभ्यास थालियो । कारागार प्रशासन वा गृह मन्त्रालयबाट निर्णय गरेर कैदीहरूको बाँकी कैद मिनाहाको निर्णय गर्न कुनै कठिनाइ हुँदैन । कैदीलाई रिहा गर्दा शान्ति-सुरक्षा र अमनचयनलाई असर पर्दैन भन्ने सुनिश्चिततापछि मात्रै यस्ता निर्णय गरिनुपर्छ ।

कैद छुटको मामिला कारागार प्रशासकको स्वविवेकीय अधिकार पनि हो । कुनै खतरनाक अपराधमा संलग्न कसुरदारले यस्तो सुविधा पाउन हुँदैन । परिस्थितिवश अपराधमा जोडिएका वा अनेक कारणले कैद सजाय भएकाहरूलाई चालचलनका आधारमा सहुलियत दिन यस्तो कानुनी व्यवस्था गरिएको हुन्छ ।

राष्ट्रपतिलाई मन्त्रिपरिषद्को सिफारिसमा भएको माफी-मिनाहाको अधिकार पनि सदर गर्नुपर्ने बाध्यात्मक अवस्था छैन । सिफारिस अध्ययन गरेर उहाँले फिर्ता गर्न सक्नुहुन्छ । भारतका राष्ट्रपति प्रणव मुखर्जीले ४० वटामध्ये ३० वटा मुद्दामा माफी-मिनाहाको इन्कार गर्नुभयो ।

सुरु अदालतबाट दोषी ठहर भएको, उच्च अदालतले पनि जिल्लाको निर्णय सदर गरेको र सर्वोच्च अदालतबाट कसुर अनुमोदन भएको घटनामा उहाँले माफी-मिनाहा दिन इन्कार गर्नुभयो । तीन तहका न्यायाधीशले कसुरदार ठहरेको घटनामा 'उनीहरूले गरेको कसुरको फैसला उल्ट्याउने म को हुँ र ?' भन्दै माफी-मिनाहा दिन मान्नुभएन ।

भारतका अर्का राष्ट्रपति नूतनपाटी बैंकटारमणले ४५ वटा माफी-मिनाहाका फाइल अनुमोदन गर्न अस्वीकार गर्नुभयो । के आर नारायणन्ले १० वटा निवेदन इन्कार गर्नुभयो । प्रतिभा पटेलले जथाभावी हुने माफी-मिनाहाका सिफारिसलाई अस्वीकार गरेर चुनौती दिनुभयो ।

समानतासँग सिद्धान्तको अपवाद मानिने यो सुविधालाई जथाभावी र नियमित प्रयोग गर्न मिल्दैन । माफी-मिनाहा फौजदारी न्यायप्रणालीसँग जोडिएको विषय त हो, तर त्यही प्रणाली विचलित हुने गरी यसको प्रयोग गर्न मिल्दैन । कानुनको शासनमा अब्बल देखिएका कतिपय मुलुकमा पनि यस्तो अधिकारको दुरुपयोग भएकोमा आलोचना भइरहेको हुन्छ । अमेरिकामा बाराक ओबामाले माफी-मिनाहाको व्यापक दुरुपयोग गरे भनी आलोचना भयो । कार्यकालको अन्त्यतिर उहाँले १५०० मानिसलाई क्षमादान दिनुभयो ।

त्यति हुँदा पनि गम्भीर प्रकृतिको कसुरदार माफी-मिनाहामा परेनन् । अमेरिकामा २०औं शताब्दीमा करिब २० हजार मानिसले आममाफी पाए भनिन्छ । तर गम्भीर अपराधमा संलग्नहरू त्यो सुविधाबाट वञ्चित भए । माफी-मिनाहाको प्रयोग कसरी हुने भन्ने विषयमा सरकार र राष्ट्रपतिले विवेकपूर्ण र बुद्धिमत्तायुक्त निर्णय लिनुपर्छ । माफी-मिनाहाको विषय राष्ट्रपतिको स्वविवेकीय अधिकार हो । तर मन्त्रिपरिषद्को सिफारिसका आधारमा मात्रै चल्नुपर्ने भएकाले उहाँले आफूखुसी त्यसको प्रयोग गर्न सक्नुहुन्न । हामीले राज्यका जुन-जुन अधिकारीहरूलाई स्वविवेकीय अधिकार दिएका छौं, ती अधिकारीहरूबाट त्यस्तो अधिकारको दुरुपयोग भएको देखिन्छ ।

अध्यादेश ल्याउन पाउने कार्यपालिकाको अधिकारको चरम दुरुपयोग भयो । २०४८ सालदेखि अहिलेसम्म १० वटा बजेट नै अध्यादेशबाट आए । संसदको अधिवेशन बोलाउने र अन्त्य गर्ने अधिकारको पनि सरकार बाट दुरुपयोग भयो । न्यायपालिकामा समेत स्वविवेकीय अधिकारको दुरुपयोगबारे प्रश्न उठ्छन् । चित्तमा लागेमा कम सजाय गर्ने कानुनी व्यवस्थाको विवेकपूर्ण प्रयोग हुनुपर्छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराबाटै त्यसको दुरुपयोगबारे व्यापक प्रश्न उठ्यो ।

अपवादमा प्रयोग हुनुपर्ने विषयलाई सामान्यीकरण गरेपछि त्यसले न्यायप्रणाली बिथोलिन्छ । अहिले दुईवटा माफी-मिनाहाका विषय धेरै चर्चामा आएका छन् । गणतन्त्र दिवसमा रेशम चौधरीको आममाफीका क्रममा कानुनको पालना नभएकोमा कैयौंले आपत्ति जनाएका छन् । यसपालि अर्को त्यस्तै घटना भयो ।

यस्तै अवस्था रह्यो भने संविधानमा भएको समानताको हक, न्यायको हकको कार्यान्वयन हुन नसकी कागजी अलंकारमा सीमित रहन्छ । यस्तै घटनामा अर्को व्यक्ति परेको भए उसले माफी पाउँथ्यो त ? भन्ने प्रश्न आउने वातावरण बन्नुहुँदैन । निकै गम्भीरतापूर्वक विचार गरेर मात्रै स्वविवेकीय अधिकारको प्रयोग हुनुपर्छ । संविधान र कानुनमा भएका व्यवस्थालाई यान्त्रिक रूपमा हेर्न मिल्दैन, विवेकपूर्ण प्रयोग गर्नुपर्छ । राष्ट्रपति सबै नागरिकको अभिभावक भएकाले भेदभाव विना निर्णय गर्नुपर्ने हो ।

भारतमा प्रणव मुखर्जीले 'म सबैको अभिभावक हो, कसैलाई पनि भेदभाव गर्दिनँ' भन्दै बारम्बार माफी-मिनाहाका प्रस्ताव फर्काइ दिनुभयो । हाम्रोमा राष्ट्रपतिले त्यो भूमिका खेल्न नसकेको अनुभूति भइरहेको छ । आगामी दिनमा राष्ट्रपतिबाट यस्ता त्रुटि सच्चिएला भन्ने आशा गर्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# कम्युनिस्ट पार्टीमा सङ्गठनसम्बन्धी बहस

खेम थपलिया

नेपालका सबै कम्युनिस्ट पार्टीमा सङ्गठनसम्बन्धी बहस चलिरहेको छ । कम्युनिस्ट पार्टी सङ्गठनको जीवनमा 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' आजको आवश्यकता हो । जवस-मोर्चाविहीन पार्टी सङ्गठनको यसको मूल अवधारणा हो । लेनिनले रुसमा मूलत: मजदुरलाई आधार बनाए । चीनमा माओले किसानमा विशेष भर परे । भारतीय कम्युनिस्ट पार्टीहरूले अलि-अलि जवस-मोर्चा सञ्चालन गरेका छन् । युरोपका कम्युनिस्ट पार्टीहरूले जवस-मोर्चाको त्यति धेरै प्रयोग र परिचालन गरेको देखिँदैन तर नेपालमा जवस-मोर्चाको प्रचलन अलि बढी नै छ । राजनीति 'कू'द्वारा लादिएको पञ्चायती व्यवस्था र त्यसले आफ्नो व्यवस्था टिकाउन खडा गरिएका अनेक जनवर्गीय मोर्चाको काउन्टरमा सैर्षरत राजनीतिक पार्टीहरूले मोर्चा सङ्गठन खोल्दा आजको परिस्थिति सिर्जना भएको हो । आजको बदलिँदो परिस्थितिमा 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' नेपालको कम्युनिस्ट आन्दोलनमा नयाँ अवधारणा नै हो ।

समकालीनतामा कम्युनिस्ट पार्टीहरू सही तरिकाले सही दिशातिर उन्मुख भइरहेका छैनन् । प्राय: सबै कम्युनिस्ट पार्टीनिकट जवस-मोर्चाहरू मुद्दाविहीन, प्रभावविहीन र आकर्षणविहीन बन्न पुगेका छन् । आजको पार्टी सङ्गठनमा नीति, नेतृत्व, सङ्गठन, सैर्ष, कूटनीति तथा सूचना-सञ्चार र प्रविधिको एकीकृत कमान्ड हुनैपर्छ । पञ्चायतलाई झुकाउने शिक्षक-विद्यार्थी मोर्चा आज कहाँ छन् ? बलिदानी भावका साथ रूपान्तरणकारी अभियानमा लामबद्ध कलाकार, लेखक-साहित्यकार आज कहाँ छन् ? एउटै वक्तव्यले देश हल्लाउने जवस-मोर्चाहरूको यस्तो हबिगत किन भयो ? प्रहरीको हतियार खोस्ने र जेल तोड्ने महिलाहरू आज कहाँ छन् ? देश र जनताका लागि भौतिक रूपमै बलिदान दिन तँछाड-मछाड गर्ने त्यो महान् मान्छेहरूको पङ्क्ति आज किन हाडछालाको जोगाडमा मैमत्त बन्दै छ ?

विश्व कम्युनिस्ट आन्दोलनल गायत नेपालकै सन्दर्भमा पनि नयाँ ढङ्गको पार्टी सङ्गठनको निर्माणमा नयाँ ढङ्गले सोच्नु अपरिहार्य भइसकेको छ । त्यसकारण पार्टी सङ्गठनको संरचनामा आमूल परिवर्तन आजको आवश्यकता हो । सबैका उस्ताउस्तै पार्टी सङ्गठनात्मक संरचनाले जनतामा व्यापक भ्रम सिर्जना गरिरहेछ । यही भ्रमका कारण कम्युनिस्ट पार्टी र जनताका बीच दूरी बढिरहेको छ । पार्टीका नाम र तिनका पुच्छर हटाइदिने हो भने सबै कम्युनिस्ट पार्टी सङ्गठन एउटै र उस्तैजस्तो देखिन्छ । सङ्गठनात्मक संरचनाकै कारण आफू-आफूमै शत्रुतापूर्ण अन्तर्विरोधको प्रयोग हुन थालेको छ । पार्टी सङ्गठनात्मक संरचनासँग स्रोत-साधनको सम्बन्ध हेर्न थालिएको छ, जसका कारण पार्टी सङ्गठनमा अनपेक्षित घटना घटिरहेका छन् । पार्टी सङ्गठन वर्ग दुश्मनसित लड्नपर्नेमा एउटै पार्टी र अझ एउटै सङ्गठनभित्रै आफूआफूमा लडेर सिद्धिनेजस्तो हुन थालेको छ । दुश्मनका विरुद्ध प्रयोग गर्नुपर्ने 'डेफिनेसन, डिटरमाइन्ड, डिमोर्लाइज, डिभाइड र डिस्ट्रोय' जस्ता सूत्र आफ्नै पार्टी सङ्गठनभित्र लागू हुँदै छ । यी र यस्तै-यस्तै समस्याको समाधानका लागि 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' अनिवार्य हुन गएको हो ।

सबैभन्दा पहिले जवस-मोर्चा विघटन गर्नुपर्दछ । यो कुरा जातीय-क्षेत्रीय मोर्चाहरूमा पनि लागू हुन्छ । क्रान्तिरत पार्टीहरूमा जवस-मोर्चाको औचित्य अझै पनि छ भन्ने तर्क सुनिन्छ तर वास्तविकता त्यस्तो होइन । समकालीनतामा जवस-मोर्चा दुश्मनको घुसपैठको झ्याल-ढोका र गुटबन्दीको अखडामा परिणत हुँदै छ । त्यसकारण जवस-मोर्चाविहीन समग्र पार्टी आजको आवश्यकता हो । एक सशक्त मुख्यालयको वरिपरि रहने गरी अनेकौं पार्टी समितिहरू निर्माण गर्नुपर्दछ । आवश्यकताअनुसार यस्ता केन्द्रीयस्तरका पार्टी समिति जति पनि बनाउन सकिन्छ । तिनलाई प्रशिक्षित गर्न, नायकत्व तथा नेतृत्व प्रदान गर्न र आवश्यक भूमिकाका साथ, जनताको सेवा गर्ने अवस्था सिर्जना गर्न अनेक नवीन संरचना बनाउन सकिन्छ ।

पार्टी सदस्यताका लागि पार्टीकै विशेष समितिहरू बनाउन सकिन्छ । जसरी साम्राज्यवाद भूमण्डलीकृत बन्दै आइरहेको छ, त्यसैगरी वैज्ञानिक समाजवादीहरूको सङ्गठनात्मक संरचना पनि भूमण्डलीकृत हुन आवश्यक छ । युवा, विद्यार्थी, महिला, किसान, संस्कृतिकर्मी लगायत विधागत छुट्टै विशेषता भएका क्षेत्रहरूको छुट्टाछुट्टै पार्टीको केन्द्रीय समिति बनाउनुपर्दछ । पार्टीको त्यस्ता केन्द्रीय समितिलाई संयोजन गर्नका लागि पार्टी मुख्यालयमा एक छुट्टै स्टेरिङ समितिको सङ्गठनात्मक संरचना बनाउन सकिन्छ । केन्द्रीय जवस-मोर्चाहरूका लागि केन्द्रीयस्तरका विभागीय संरचना पनि बनाउन सकिन्छ । पार्टी र जनता जोड्ने, नेता र कार्यकर्ता जोड्ने तथा विचार 'सिद्धान्त' र व्यवहार जोड्ने आवश्यकतामा 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' अजेय हतियार बन्न सक्दछ ।

'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' द्वारा माओको भनाइअनुसारको तीन जादुगरी हतियार 'पार्टी, सेना र मोर्चा' को काम-कारबाहीमा गुणात्मक छलाङ हासिल गर्न सकिन्छ । यो अवधारणाअनुसार पार्टीका सङ्गठनात्मक तहगत संरचना बढीमा तीन तहसम्म हुन सक्छ – पहिलो, केन्द्रीयस्तर (प्रदेश वा ब्युरोसहित), दोस्रो जिल्ला-पालिकास्तर र तेस्रो आधारभूत सदस्यस्तर । यस किसिमका सङ्गठनात्मक संरचनाले ढुङ्गामा पानी खन्याएको जस्तो होइन, माटोमा पानी खन्याएको जस्तो पार्टी सङ्गठन निर्माण गर्न ठूलो सहयोग पुग्दछ । यसले मूलाजस्तो एक्लो सङ्गठनात्मक परिवेशका विरुद्ध बदामको झुप्पाजस्तो सामूहिक सङ्गठनात्मक परिवेशको निर्माण गर्दछ ।

बदलिँदो साम्राज्यवादी विश्व राजनीति र त्यसले जनराजनीतिमा गम्भीर आघात पुर्‍याइरहेको अवस्थामा नयाँ कम्युनिस्ट पार्टी सङ्गठनको सशक्त नयाँ शिविर खडा गर्नु अनिवार्य भइसकेको छ । माओले भनेजस्तै हामीले अन्य राजनीतिक दलले अपनाएका कतिपय सङ्गठनात्मक प्रणालीको पनि अध्ययन गर्नुपर्छ र तिनको सकारात्मकताको ग्रहण गर्ने गुणको विकास गर्नुपर्छ । 'संसदीय राजनीतिमा भाग लिने' र 'संसदीय राजनीतिमा भाग नलिने' कम्युनिस्ट पार्टीहरूले आ-आफ्ना सङ्गठनात्मक संरचना परिवर्तन गरेर राजनीतिक नैतिकता देखाउनु अनिवार्य छ । जनतालाई भ्रम सिर्जना गरिदिनुजस्तो अनैतिक र घटिया काम अरू हुनै सक्दैन । कमसेकम फरक-फरक काम गर्ने भएपछि ती कम्युनिस्ट पार्टीहरूका सङ्गठनात्मक सरचना पनि फरक-फरक हुनैपर्दछ । 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' लेनिनवादी जनवादी केन्द्रीयतामा नै आधारित हुनेछ ।

'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' को सङ्गठनात्मक प्रणाली कस्तो होला भन्नेबारे जिज्ञासा हुन सक्दछ । पार्टी सङ्गठनको जीवनमा कतिपय संरचना प्रयोग गर्दै जाँदा विकास हुँदै जाने पनि हुन्छ । अहिले पार्टी सङ्गठनमा इन्चार्ज र संयोजकको पद सिर्जना गरिएको पाइन्छ, जुन एकदमै अन्तर्विरोधी कुरा हो किनभने इन्चार्ज भनेको पनि प्रमुख हो, संयोजक भनेको पनि प्रमुख हो । पार्टी सङ्गठनमा यस्तो विपर्यासी पद्धतिको अन्त्य गरिनुपर्दछ । सदस्यता वितरणको एउटै छुट्टै संरचना बनाउन सकिन्छ, जसले पार्टी सङ्गठनलाई छालजस्तो उदाएको बनाउन सकोस् । सिद्धान्तत: एउटा देशमा एउटा मात्र कम्युनिस्ट पार्टी हुन्छ । सम्भवत: नेपाल यस्तो देश हो, जहाँ अत्यधिक कम्युनिस्ट पार्टी रहेका छन् । नेपाली कम्युनिस्ट आन्दोलनमा मुख्यत: तीन प्रश्न छन्- पहिलो, वैचारिक प्रश्न दोस्रो, राजनीतिक प्रश्न र तेस्रो, सङ्गठनात्मक प्रश्न ।

*बाँकी पृष्ठ-३.....*

एसियाली खेलकुद

# एसियाडमा एरिकाले नेपाललाई दिलाएको ऐतिहासिक पदक

काठमाडौं/अन्तिम चरणमा पुगेको हान्झाउ एसियाडमा शनिबार बिहान नेपाली कबड्डी टिम कास्य जितेको खुसियाली मनाइरहेको थियो । यसअघि नै कास्य निश्चित गरेको नेपालको महिला कबड्डी टिमले १५औं दिनमा आएर पदक लगाउन पाएको थियो ।

कबड्डी खेलाडीले पदक लगाएको खुसी मनाउँदै गर्दा कराते खेलाडी एरिका गुरुङले झनै ठूलो खुसी थपिदिइन् । १९ वर्षीय एरिकाले कुमुतेतर्फ ६८ केजीमाथि तौल समूहमा ऐतिहासिक रजत पदक जितिन् ।

नेपालका लागि जारी एसियाडमा दोस्रो, एसियाडको इतिहासमै अहिलेसम्मको तेस्रो र जत र करातेमा अहिलेसम्मकै चौथो पदक उनले जितेकी थिइन् । एरिका, कराते र नेपाली खेलकुदकै लागि यो ऐतिहासिक पदक बन्यो ।

नेपालले २५ वर्षपछि एसियाडमा व्यक्तिगततर्फ रजत जिताउने खेलाडी बनिन् एरिका । टिम इभेन्टसहित भन्दा नेपालले लगातार दुई संस्करणमा रजत पदक जितेको हो । सन् २०१८ मा इन्डोनेसियामा भएको १८औं एसियाडमा नेपालले प्याराग्लाइडिङमा एक मात्र रजत पदक जितेको थियो । यस्तै नेपालले पछिल्लो तीन संस्करणमा एउटा मात्र पदक जित्ने क्रम समेत यस पटक भंग भयो । नेपालले २००६ को दोहा एसियाडपछि पहिलो पटक एक भन्दा बढी पदक पनि जित्यो ।

एरिकाले रजत पदकलाई कडा मिहिनेतको फल भएको बताएकी छन् । 'मैले गरेको कडा मिहिनेतको फल हो यो । मैले आफूले सक्ने बेस्ट दिएको हो । उसले पनि राम्रो खेल्यो । सायद म चुके होला', रजत जितेपछि एरिकाले भनिन्, 'भविष्यमा अझ धेरै कडा मिहिनेत गर्ने र अझ स्मार्ट बन्ने छु ।' उनले यसलाई एउटा सिकाइको रुपमा लिएको पनि बताइन् । 'मैले हार भन्दा पनि एउटा लेसनको रुपमा लिएको छु र यसले मोटिभेसन दिन्छ र सकरात्मक रुपमा लिएको छु ।'



### एरिकाको रजत यात्रा

६८ केजीमाथि तौल समूहमा जम्मा ८ खेलाडी मात्र सहभागी थिए । त्यसमा सिधै क्वाटर फाइनल खेल खेल्नुपर्‍यो र दुई खेल जितेको खण्डमा नै रजत पदक पक्का हुने थियो । एरिकालाई पनि त्यो अवसर थियो । तर भर्खरै इन्डोनेसियामा भएको १०औं वर्ल्ड शितोरियो कराते च्याम्पियनसिपमा स्वर्ण पदक जितेर आएकी एरिकालाई चुनौती पनि उत्तिकै थियो ।

किनभने उनको विपक्षी उत्तिकै राम्रो थिइन् भने नेपालले आशा गरिएको खेलमा खराब प्रदर्शन गर्दा करातेबाट पदक जित्ने चुनौती पनि बढिरहेको थियो ।

त्यसमा एरिका पनि खरो उत्रिइन् । उनले आफ्नो पहिलो खेलमै वर्ल्ड च्याम्पियन भइसकेकी जापानी खेलाडी युजुकी सावाएलाई शेन्सोको आधारमा हराउँदै सेमिफाइनलमा प्रवेश गरिन् । जापानी खेलाडीसँग १-१ को स्कोर बराबरी हुँदा सुरुमा अंक जोडेको आधारमा एरिका अगाडि बढेकी हुन् ।

सेमिफाइनलमा भने उनले हङकङकी खेलाडी यान काई होलाई ८-४ ले पराजित गर्दै फाइनल प्रवेश गरिन् । फाइनल पुगेपछि उनले रजत पदक पक्का गरेकी थिइन् र उनको फाइनल भिडन्त काजकस्तानकी सोफ्या बेरुल्तसेभासँग पर्‍यो ।

लगातार दुई खेल जितेपछि नेपाली टोली निकै उत्साहित थियो । तर विश्व स्तरीय खेलाडीसँग भने एरिका ३-० ले पराजित भइन् र स्वर्णबाट जित्नबाट बञ्चित भइन्

करातेमा यसअघि नेपालले तीन कास्य जितेको थियो । सन् १९९४ मा सीता राई, १९९८ मा समर बहादुर गोले र २०१४ मा विमला तामाङले करातेबाट कास्य जितेका थिए ।

### जसको खेल हेरेको उसैसँग फाइनल

एरिकाले शनिवार त्यस्ता खेलाडीसँग फाइनल खेलिन् जो आफ्नो तौल समूहमा विश्व नम्बर वान खेलाडी हुन् । अनि वर्ल्ड च्याम्पियनसिप र ओलम्पिकमै पदक जितिसकेकी खेलाडी हुन् ।

कजाकस्तानकी बेरुल्तसेभाले वर्ल्ड च्याम्पियनसमा २०२१ मा कास्य पदक जितेकी थिइन् । यस्तै टोकियो ओलमेपिकमा भने ६१ केजीमाथी कास्य पदक जितेकी थिइन् ।

कराते वान प्रिमियर लिग र एसियन च्याम्पियनसिपमा उनी मल्टी गोल्ड मेडलिस्ट हुन् । त्यस्ता खेलाडीसँग पनि एरिका जित्नकै लागि फाइनल खेलेकी थिइन् ।

'हामीले ट्रेनिङ गर्दा उनीहरुको टेक्निक खेलेर सिक्ने गर्थ्यौं । उनीहरुको खेल हेरेर नै हामीले सिक्ने हो । उनीहरु वर्ल्डकै 'आइडल' खेलाडी हो । अहिले यो तौल समूहमा उ वर्ल्डकै नम्बर वान हो । हामी अपग्रेड गर्दैछौं, एरिकाका प्रशिक्षक कुशल श्रेष्ठले भने ।

६८ केजी तौल समूहमा एरिकाले आज खेलेको तीनवटै विपक्षी विश्व वरियतामा शीर्ष १३ भित्र छन् । क्वाटरफाइनलमा उनले हराएकी जापानी खेलाडी युजुकी पाँचौ र हङकङकी काई यान हो १३औं स्थानमा छन् ।

विपक्षी नम्वर वान भएपनि फाइनल एउटा विपक्षी सम्झेर खेल्न भनेको प्रशिक्षक कुशल श्रेष्ठले बताए ।

एसियाडअघि नेपालले इन्डोनेसियामा भएको वर्ल्ड शितोरियो कराते पेडेरेसन च्याम्पियनसिपमा स्वर्ण पदक जितेकी थिइन् । त्यसले पनि एरिकाको मनोबल उच्च बनाएको थियो ।

### हाम्रो झण्डा बीचमा भाको भए अझ राम्रो हुन्थ्यो

पदक जितेपछि मेडल सेरेमोनीमा स्वर्ण रजत र कास्य जित्ने खेलाडीको देशको झण्डा माथि राखिन्छ । त्यो क्षण खेलाडी र देशको लागि महत्वपूर्ण हुन्छ ।

कसले जित्यो भन्दा पनि त्यहाँ देशको नाम अगाडि आउँछ । स्वर्ण जित्ने खेलाडीको देशको झण्डा बीचमा थियो । नेपालको झण्डा पनि त्यही लहरमा थियो । तर बीचमा काजखस्तानको झण्डा थियो । 'हाम्रोसहित झण्डाहरु माथि गइराथ्यो । हाम्रो झण्डा बीचमा भाको भए अझ राम्रो हुन्थ्यो ।'

अब भने नेपालले पनि कठा महिनेत गरेमा जित्न सकिन्छ भन्ने एरिकालाई लागेको छ । 'म गोल्डकै लागि फाइट गरेथैं । हामीले गर्न सक्ने रैछ भन्ने लाग्यो ।'

यस्तै उनले आफ्नो मेडल पनि हेरेकी थिइन् । त्यस बारे सोध्दा उनले यसको गहिरो अर्थ भएको बताइन् । 'मेरो हार्ड वर्कलाई हेरेको हो । यसको 'डिप मिनिङ' छ', उनले मन्द मुस्कानसहित भनिन् ।

पदक जितेपछि उनले नेपालमा ममीलाई फोन गरिन् । 'ममीले प्राउड अफ यू भन्नुभयो,' उनले सुनाइन्, 'पदक जितेपछि भगवानलाई सम्झिएँ । यो पदक देशको लागि हो ।'

## श्रीमान् श्रीमतीको टिमले जित्यो स्वर्ण

हान्झाउ/चाइनिज ताइपेइका विवाहित जोडी फान काङ वेई र टिसाई पो याले शुक्रबार १९औं एसियाडमा ब्रिड्ज मिक्स टिममा स्वर्ण जितेका छन् ।

श्रीमान् फान र श्रीमती टिसाइको जोडीले उत्कृष्ट प्रदर्शन गरेपछि चाइनिज ताइपेइले आयोजक चीनलाई फाइनलमा २७-२३ ले पराजित गर्दै स्वर्ण जितेको हो । मिक्स टिममा कुल चार खेलाडी थिए । टोलीका अन्य सदस्यमा उ जु लिन र सो हो यी थिए ।

सन् २०१८ मा इन्डोनेसियामा भएको एसियाडमा मिक्स पियरमा पराजित भएका फान र टिसाइको जोडीले यस पटक मिक्स टिममा स्वर्ण जित्दै त्यसको बदलासमेत लिएको छ ।

६ वर्षअघि देखि आफ्नो श्रीमतीसँग पूर्ण रुपमा खेल्न थालेका फानले एसियाडमा स्वर्ण जित्न पाउँदा खुशी हुँदै लामो यात्राले सफलता प्राप्त गरेको बताएका छन् ।

'पछिल्लो पटक २०१८ मा हामीले टिम गेममा राम्रो गर्न सकेनौं । यस पटक एसियाडका लागि हामीले पाँच वर्षदेखि तयारी गरेका थिया । यो पाँच वर्षमा हामीले धेरै उतार चढाव भोग्यौं र अहिले सपना पूरा गर्दै यो सकिएको छ,' उनीहरुले भने ।

खेलको दौरान श्रीमान् श्रीमतीबीच केही वादविवाद भए पनि त्यो सामान्य भएको र त्यसले खेलमा असर गर्न निदिएको दुवैले बताए ।

'हामीले कहिल्यै गिभ अप गरेनौं । वादविवादका बीच पनि हामीले आपसी समझदारीमा समाधान पत्ता लगायौं र त्यसै कारण नतिजा ल्यायौं,' श्रीमान् फनले भने ।

यस इभेन्टमा सेमिफाइनलम पराजित भएका थाइल्याण्ड र सिंगापुरले कांस्य पदक जिते । यस्तै पुरुष टिम इभेन्टमा हङकङले स्वर्ण जित्दा भारतले रजत तथा चीन र जापानले कांस्य जिते ।

महिला टिम इभेन्टमा भने चीनले स्वर्ण, चाइनिज ताइपेइले रजत तथा हङकङ र सिंगापुरले कांस्य जिते ।

## महिला भलिबलमा नेपालको सान्त्वना जित

काठमाडौं/मंगोलियामाथि सान्त्वना जित हात पार्दै नेपालको महिला भलिबल टिमले चीनको हान्झाउमा जारी १९औं एसियाली खेलकुदको यात्रा सकाएको छ ।

शनिबार देकिङ स्पोर्ट्स सेन्टर जिम्नयासियममा भएको क्लासिफिकेसन म्याचमा नेपालले मंगोलियालाई ३-२ को सेटमा पराजित गरेको हो ।

यस जितपछि नेपाल १३ टोली सम्मिलित एसियाडको महिला भलिबलमा ११औं भएको छ । यसअघि नेपालले लगातार चार खेल हारेको थियो ।



मंगोलिया विरुद्ध पहिलो सेट २५-१७ ले गुमाएको नेपालले त्यसपछि कमब्याक गर्दै लगातार दुई सेट जितेको थियो । दोस्रो सेट २५-१८ र तेस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पार्दै नेपालले खेलमा २-१ को अग्रता बनाएको थियो ।

तर चौथो सेटमा नेपालले लय कायम राख्न नसक्दा मंगोलियाले २५-१८ ले जित्दै खेल २-२ को बराबरी अवस्थामा पुर्‍यायो । पाँचौ तथा अन्तिम सेट १५-१२ ले आफ्नो पक्षमा पार्दै नेपालले प्रतिस्पर्धात्मक खेल जितेको हो ।

पहिलो पटक एसियाडमा सहभागिता जनाएको नेपालको महिला भलिबल टिमले समूह चरणको दुवै खेलमा हार बेहोरेपछि क्लासिफिकेसन म्याच खेल्नुपरेको हो ।

समूह चरणमा भियतनाम र दक्षिण कोरियासँग समान ३-० को सेटमा पराजित भएको थियो । त्यसपछि क्लासिफिकेसन म्याचमा भारतसँग ३-१ र हङकङसँग ३-० को सेटमा पराजित भएको थियो ।

पहिलो पटक एसियाडमा सहभागी भएको मिहला भलिबल टिमका लागि यो एक्सपोजर र अनुभव बटुल्ने अवसर बन्यो ।

# कलेजपछि 'परदेशी २'को प्रचार सप्ताह महायज्ञमा

काठमाडौं/फिल्म बनाउनुभन्दा ठूलो संघर्ष निर्माताले प्रचारमा गर्नुपर्छ । किनकि, प्रचारले नै फिल्मलाई दर्शकमाझ पुर्‍याउने हो । यसैले फिल्म रिलिजको संघारमा हुँदा निर्माताले प्रचारमा साम-दाम सबै प्रयोग गर्छन् । यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'परदेशी २'ले पनि प्रचारमा कुनै कसर छाडेको छैन । निर्माण टिमले हरेक उमेर समुहका दर्शकहरुमाझ पुग्ने प्रयास गरिरहेको छ ।



फिल्मको कथामा गीति नाटक तयार पारेर काठमाडौं र मोफसलका विभिन्न कलेजहरुमा देखाइसकिएको छ । अब प्रचारका लागि महायज्ञ समेत उम्काइएको छैन । भक्तपुरको चाँगुनारायणस्थित ताथलीमा जारी श्रीमद्‌भागवत सप्ताह महायज्ञमा शनिबार निर्देशक नारायण रायमाझी, अभिनेता प्रकाश सपूत, अभिनेत्रीद्वय केकी अधिकारी र वर्षा सिवाकोटी 'परदेशी २'को प्रचार गर्न पुगेका थिए ।

करिब १५ सय भक्तालुहरुको उपस्थिति रहेको महायज्ञमा फिल्मको टिमलाई बाजागाजासहित दूबो र फूलको माला लगाएर स्वागत गरिएको थियो । महायज्ञमा निर्देशक रायमाझी र अभिनेता सपूतले सांगीतिक प्रस्तुति समेत दिएका थिए । उनीहरुले हरेक घरको कथामा फिल्म बनेकाले माया गरिदिन आग्रह गरे । केकी र वर्षाले भने फिल्म मनछुने रहेको र सबैलाई मनपर्ने विश्वास व्यक्त गरे ।

फिल्ममा प्रशान्त तामाङ, दीलिप रायमाझी, नीर शाह, रमा थपलिया, सबिन बास्तोला, देवेन्द्र बब्लु, रोशनी कार्कीको पनि अभिनय छ । रमेश बिजीले कथा एवं पटकथा लेखन रहेको फिल्मले अध्ययनका लागि विदेशिन बाध्य युवा र सन्तान विदेशिँदा बुढेसकाल लागेका आमाबुवाले भोग्ने पीडालाई प्रस्तुत गर्छ । राजेश वंशल र निर्देशक रायमाझीले संयुक्त रुपमा फिल्मको निर्माण गरेका हुन् ।

# क्रिस्टिना गुरुङ : हिट फिल्मकी गुमनाम हिरोइन

काठमाडौं/फिल्म सफल हुनु कलाकारका लागि ठूलो उपलब्धि मानिन्छ । किनकि, यसले करिअर लाई अगाडि बढाउन मद्दत गर्छ । दर्शकको ठूलो वर्गमा चिनाउँछ । आफूमाथि लगानी गर्ने मेकर भेटिन्छन् । यसैले हरेक कलाकार हिटको भोका हुन्छन् । तर, सबैको हकमा फिल्म चल्दैमा करिअर उठ्छ भन्ने हुन्न । फिल्म हिट भएर पनि गुमनाम भएका कयौं छन् । त्यसमध्ये एक हुन्, क्रिस्टिना गुरुङ ।



सफल फिल्मको सिरिज 'प्रेमगीत ३'बाट उनको उदय भयो । यो सिरिजसँग जोडिन पाउनु नै उनका लागि आफैंमा एउटा सफलता थियो । नेपालसँगै भारतमा फिल्म रिलिज भएको थियो । फिल्मको चर्चा सानोतिनो भएन । त्यसमाथि अहिलेका 'स्टार नायक' प्रदीप खड्कासँग जोडी बाँधिएको थियो । फिल्म घरेलू बक्स अफिसमा हिट पनि भयो । तर, फिल्म रिलिजपछि क्रिस्टिना गुमनाम छिन् ।

फिल्म हिट भएपछि कलाकारलाई फिल्म अफरको ओइरो नै लाग्छ । अक्सर देखिएको यही छ । क्रिस्टिना भने डेब्यू फिल्म रिलिज भएको एक वर्ष बढी भैसके पनि न कुनै नयाँ फिल्ममा जोडिएको न कुनै फिल्म अफर भएको जानकारी प्राप्त छ । 'प्रेमगीत ३'बाट अभिनयको प्रशंसा हुन नसक्दा उनी छायाँमा परेको विश्लेषण भैरहेको छ । यद्यपि, उनको सुन्दरताको राम्रै तारिफ भएको थियो ।

त्यसो त 'प्रेमगीत' फापेको अभिनेत्रीमा पूजा शर्मालाई मात्र हो । यही फिल्मबाट उनको करिअर चम्किएको थियो । 'प्रेमगीत २'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी अश्लेषा ठकुरी पनि अहिले गुमनामझैं छिन् । उनले त फिल्म इन्डष्ट्री नै छाडेको अवस्था छ । अब क्रिस्टिनाको करिअर कस्तो र हन्छ, चासोको विषय बनेको छ । कतै 'प्रेमगीत ३' नै उनको पहिलो र अन्तिम फिल्म बन्ने त होइन ?

# अक्षयको 'मिशन रानीगञ्ज'को दयनीय ओपनिङ

एजेन्सी, मुम्बई/कुनै बेला बलिउडका 'हिट मेशिन' कहलिएका अभिनेता अक्षय कुमार लाई यतिबेला बक्स अफिस चुनौती बनिरहेको छ । लगातार उनका फिल्महरु व्यापारमा कमजोर सावित भैरहेका छन् । यही अगस्टमा प्रदर्शन भएको 'ओएमजी २' र सन् २०२१ मा प्रदर्शित 'सूर्यवंशी'बाहेक गएको दुई वर्षमा उनका पाँच फिल्म (बच्चन पाण्डे, सम्राट पृथ्वीराज, रक्षा बन्धन, राम सेतू र सेल्फी) फ्लप भए ।



यही शुक्रबारबाट प्रदर्शनमा आएको उनको अर्को फिल्म 'मिशन रानीगञ्ज'ले पनि फ्लपको संकेत गरेको छ । भारतमा २५ सय बढी स्क्रिनमा रिलिज भएको फिल्मले पहिलो दिन २ करोड ८० लाख मात्र कमाएको छ । अक्षयको स्टारडमको तुलनामा फिल्मको यो ओपनिङ अत्यन्त दयनीय हो । यसअघि उनका दुईवटा फिल्म 'सेल्फी' र 'बेलबटम'को पनि यही आसपास ओपनिङ रहेको थियो ।

प्रदर्शनपूर्व हाइप नहुनु, ट्रेलरले दर्शकमा उत्सुकता जगाउन नसक्नु र प्रचार पनि कमजोर र हँदा ओपनिङ अपेक्षाकृत हुन नसकेको विश्लेषण गरिएको छ । अब फिल्मलाई सकारात्मक समीक्षा र दर्शकको तारिफले मात्र बचाउन सक्नेछ । शनिबार र आइतबारको व्यापार फिल्मका लागि निर्णायक मानिएको छ । यो दुई दिन व्यापारमा चमत्कार हुन नसके फिल्मले हलमा दम तोड्ने निश्चित छ ।

टीनू सुरेश देसाईको निर्देशन रहेको फिल्म वास्तविक घटनामा आधारित छ । अक्षयले जसवन्त सिंह गिलको भूमिका निर्वाह गरेका छन्, जो एक कोयला फर्ममा इन्जिनियर हुन्छन् । सन् १९८९ मा पश्चिम बङ्गाल राज्यस्थित रानीगञ्ज क्षेत्रमा कोयला उद्योगमा भएको एक घटनामा फसेका ६५ जना मजदूरलाई कसरी बचाइन्छ भन्नेमा फिल्म केन्द्रित छ । फिल्मको बजेट भारु ५० करोड रहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कम्युनिस्ट पार्टीमा...

नेपालको माओवादी आन्दोलनसित सम्बद्ध माओवादी पार्टीहरूको सङ्गठनात्मक अधोगतिमा हुनुमा अनेक कारण रहेका छन् । तीमध्ये 'जनयुद्ध लडेको र नलडेको' भन्ने डिमार्केसन पनि एक प्रमुख कारकतत्त्वको रूपमा रहेको छ । एनिमल फार्ममा 'सबै जनावर बराबर छन् तर केही विशेष छन्' भनेर जर्ज ओरवेलले साम्यवादी दर्शन, लेनिन तथा स्टालिनलक्षित व्यङ्ग्यात्मक कृतिको भाव कम्युनिस्ट पार्टी सङ्गठनमा पाउन सकिन्छ । 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन'मा 'विशेष'लाई कुनै स्थान हुँदैन । 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' ले पार्टीका नीतिहरू जनता तथा कार्यकर्ताको घरआँगन र चुल्होसम्म पुर्‍याउँछ ।

हरेक पार्टी सङ्गठन गतिशील यथार्थ र मरणशील यथार्थमा आधारित हुन्छन् । पुँजीवादी पार्टीहरू मरणशील यथार्थ हुन् भने सच्चा कम्युनिस्ट पार्टीहरू गतिशील यथार्थ हुन् । जेल-हिरासतमा पनि पार्टी सङ्गठनहरू बन्छन् । यस्तो स्थान र समयमा गरिएका सङ्गठनहरू अस्थायी हुन्छन् तर तिनको सन्देश दीर्घकालिक हुन्छ । सङ्गठनहरू क्रान्तिकारी मात्र हुँदैनन्, प्रतिक्रान्तिकारी पनि हुन्छन् । क्रान्ति र प्रतिक्रान्ति सँगसँगै हुन्छन् । आजको सन्दर्भमा प्रतिक्रान्ति रोक्ने पार्टी सङ्गठन भनेकै 'समग्र पार्टी, समग्र सङ्गठन' हो । कमसल पार्टी सङ्गठनले विचारलाई नै खाइदिन्छ भने बलियो पार्टी सङ्गठनले विचारलाई माथि उठाउँछ । पार्टी सङ्गठनमा विद्रोहको अधिकार सुरक्षित हुनुपर्दछ । माओले विद्रोह गर्नु जनताको अधिकार हो भनेका थिएनन् । आजका पार्टी सङ्गठन वर्षौंदेखि थुप्रिएको तवेलाको फोहोर सफा गर्न सक्ने हर्लुलसजस्तो चाहिएको छ । 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' त्यही हर्कुलसको खोजी पनि हो ।

प्रतिनिधिसभाको पुनर्स्थापना गर्ने क्रममा सर्वोच्च अदालतले भनेको थियो- अदालतले न्याय दिएर मात्र पुग्दैन, त्यसको न्यायिक प्रक्रिया पनि न्यायिक हुनुपर्दछ । समग्र पार्टी, समग्र पार्टी सङ्गठन समग्र न्यायिक प्रक्रियाको मान्यतालाई आत्मसात् गर्दछ । नेपालको राष्ट्रवाद खतरापूर्ण रहेको छ । पहिचानको मुद्दाले पार्टी सङ्गठनाई नराम्ररी गिजोलेको छ । पार्टी सङ्गठनहरूमा 'अभिजातीय वर्ग' र 'बहुसंख्यकवाद' हाबी भइरहेको छ । नयाँ राजनीतिक व्यवस्थाको परिकल्पनाबिना नयाँ ढङ्गको कम्युनिस्ट पार्टी बन्नै सक्दैन । पार्टी सङ्गठनमा लामो समयदेखि रहिरहेको 'बर्चस्ववाद' को अन्त्य गर्दै कम्युनिस्टहरूको कम्युनिस्ट पार्टीका विकास गर्न 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' अपरिहार्य बनेको छ, संकषेपमा यसरी भन्न सकिन्छ -

१. कम्युनिस्ट पार्टीनिकट जवस मोर्चाहरू मुद्दाविहीन, प्रभावविहीन र आकर्षणविहीन बन्न पुगेका छन्, अबको पार्टी सङ्गठन जवस-मोर्चाविहीन हुनुपर्दछ ।
२. प्रचलनमा रहेका अधिकांश सङ्गठनात्मक संरचना प्रयोजन विहीन भएकाले सङ्गठनात्मक संरचनामा आमूल परिवर्तन आजको आवश्यकता हो ।
३. एक सशक्त मुख्यालयको वरिपरि रहने गरी अनेकौं पार्टीका सहायक केन्द्रीय समितिहरू निर्माण गर्नुपर्दछ, आवश्यकताअनुसार यस्ता केन्द्रीय समिति स्तरका पार्टी समिति जति पनि बनाउन सकिन्छ ।
४. 'संसदीय राजनीतिमा भाग लिने' र 'संसदीय राजनीतिमा भाग नलिने' कम्युनिस्ट पार्टीहरूले आ-आफ्ना सङ्गठनात्मक संरचना परिवर्तन गरेर राजनीतिक नैतिकता देखाउनु अनिवार्य छ ।
५. 'समग्र पार्टी, समग्र पार्टी सङ्गठन' भौतिकवादी विश्व दृष्टिकोण, जनवादी केन्द्रीयता र गतिशील यथार्थमा आधारित हुनेछ तथा यो पार्टी र जनता जोड्ने, नेता र कार्यकर्ता जोड्ने तथा विचार 'सिद्धान्त' र व्यवहार जोड्ने आवश्यकताको सिद्धान्तमा आधारित हुनेछ ।

(साभार: रातोपाटी)

# कामधेनु सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ हेटौंडा उपमहानगरपालिका-६, चुच्चेखोलास्थित कामधेनु बहुउद्देश्यीय सहकारी संस्थाको शनिवार २५ औं वार्षिक साधारणसभा भएको छ ।

हेटौंडा उपमहानगर पालिका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष उदय विडारीको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभामा संस्थापक अध्यक्ष बासुदेव सापकोटा, पूर्वअध्यक्ष कुमारमणि दहाल, निवर्तमान अध्यक्ष गौरवकुमार पराजुली, सल्लाहकार हिमाल पौडेललाई सम्मानित गरिएको थियो । यसैगरी संस्थापक शेयरसदस्य मिश्रीदेवी न्यौपाने, सावित्री न्यौपाने, हेटौंडा-६ का वडासचिव आमोदप्रसाद मैनाली, पत्रकार गणेशदर्पण अधिकारी, समाजसेवी तथा व्यवसायी राजु गुरुङ, एकल महिला शर्मिला मानन्धरलाई समेत सम्मानित गरिएको थियो ।



भेलामा २०७९ सालको एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने आर्दित तिमल्सिना, विनिता दाहाल, बढी ब्याज बुझाउने बुद्धरत्न मानन्धर, बढी सेवाशुल्क बुझाउने लिलाकुमारी आचार्य, खुत्रुकेमा बढी रकम जम्मा गर्ने आदेश गौतम र प्रकृति पराजुली र एकैदिन सदस्यता लिने दम्पतीलाई समेत सम्मानित गरिएको थियो । साधारणसभामा अध्यक्ष विडारीले संस्थागत प्रतिवेदन, ऋण उपसमिति संयोजक उदय प्रकाश दहालले ऋण उपसमितिको प्रतिवेदन, लेखासंयोजक केदारप्रसाद गौतमले लेखासमितिको प्रतिवेदन, खुत्रुके बचत उपसमिति संयोजक अम्विका सापकोटाले खुत्रुके बचत उपसमितिको प्रतिवेदन र व्यवस्थापक भीमसेन पौडेलले चालु आव ०८०/८१ को लागि २ करोड ४२ लाखको अनुमानित बजेट पेश गरेका थिए ।

साधारणसभामा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य विजय पौडेल, हेटौंडा उपमहानगर सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, मकवानपुर जिल्ला बहुउद्धेश्यीय सहकारी संघ अध्यक्ष रामहरि न्यौपाने, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, चुच्चेखोला सामुदायिक वनका अध्यक्ष लक्ष्मण कटुवाल, नौलो विहानी कृषि सहकारीका अध्यक्ष भरत सापकोटा, नारीचेतना सहकारीकी अध्यक्ष राधिका गौतम, प्रगतिशील महिला आपसी विकास संस्थाकी अध्यक्ष बनारसी उप्रेती लगायतको उपस्थिति रहेको थियो ।

# नेपालीमा सर्वोत्कृट नतिला ल्याउने म्यानेजमेन्टका दुई विद्यार्थी पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ मकवानपुर जिल्लाबाट कक्षा १२ को परीक्षामा अनिवार्य नेपाली विषयमा सर्वोत्कृष्ट नतिजा ल्याउने प्रज्ज्वल चौधरी र अन्तरा महतोलाई नेपाली लेखक संघ मकवानपुरले पुरस्कृत गरेको छ ।

लेखक संघको शनिबार भएको ८ र ९ औं साधारणसभाको अवसरमा हेटौंडा स्कुल अफ म्यानेजमेन्टबाट कक्षा १२ उत्तीर्ण गरेका चौधरी र महतोलाई दामोदर लोकप्रिया स्मृति पुरस्कार प्रदान गरिएको हो । सर्वोत्कृष्ट नतिजा ल्याउने छात्र र छात्रालाई नगद ११/११ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको हो ।

नेपाली लेखक संघ मकवानपुरका निवर्तमान अध्यक्ष विष्णुप्रसाद गौतम र उनका मामा माधवप्रसाद पोखरेलले आफ्ना पूर्वजको स्मृतिमा पुरस्कार स्थापना गरेका हुन् । यस वर्षदेखि सुरु गरिएको पुरस्कार आगामी वर्षहरुमा पनि निरन्तर प्रदान गरिने नेपाली लेखक संघ मकवानपुरका अध्यक्ष छवि अनित्यले जानकारी दिए ।

नेपाली लेखक संघ मकवानपुरका अध्यक्ष अनित्यको अध्यक्षतामा भएको साधारणसभामा नेपाली लेखक संघका केन्द्रीय सदस्य हयग्रीव आचार्यको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका निवर्तमान कार्यवहाक सभापति विष्णुप्रसाद लामिछाने, लेखक संघ मकवानपुरका संस्थापक अध्यक्ष कृष्णप्रसाद दाहाल, पुरस्कार संस्थापक विष्णप्रसाद गौतमलगायतले आफ्नो धारणा व्यक्त गरेका थिए ।

# वीरगञ्ज भन्सार कार्यालयको राजस्व संकलन घट्दै



वीरगञ्ज/राष्ट्रिय राजस्वमा ४३ प्रतिशतभन्दा बढी योगदान पुऱ्याउने वीरगञ्ज भन्सार कार्यालयको राजस्व संकलन क्रमिक रुपमा घट्दै गएको छ ।

चालु आर्थिक वर्षको पहिलो महिनामा लक्ष्यभन्दा २४ प्रतिशत कम राजस्व संकलन गरेको कार्यालयले भदौमा लक्ष्यभन्दा ३५ प्रतिशत कम राजस्व संकलन गरेको जनाएको छ ।

चालु आवको साउनका लागि भन्सार विभागले १५ अर्ब ६२ करोड ३७ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएकामा लक्ष्यभन्दा ३ अर्ब ७५ करोड ३२ लाख रुपैयाँ कम राजस्व संकलन भएको कार्यालयका सूचना अधिकारी रामचन्द्र ढकालले जानकारी दिए ।

उनका अनुसार भदौका लागि विभागले १९ अर्ब ३८ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य दिएकामा १२ अर्ब ७१ करोड रुपैयाँ मात्र संकलन भएको छ ।

भन्सार कार्यालयलाई सबैभन्दा बढी राजस्व दिने पेट्रोलियम पदार्थ, वाहनलगायतका २० वस्तुको आयातबाट संकलन हुने राजस्व घट्दै गएको ढकालले बताए ।

उनले मुख्य २० वस्तुबाट संकलन हुने राजस्व गत आवको साउनको तुलनामा चालु आवको सोही अवधिमा ५३ प्रतिशत कम संकलन भएको छ भने भदौमा गत आवको सोही महिनाको तुलनामा ६२ प्रतिशत कम भएको जानकारी दिए ।

वीरगञ्ज भन्सार कार्यालयलाई इन्धन र वाहनको आयातबाटबाट मात्र ४० प्रतिशतभन्दा बढी राजस्व संकलन हुने गरेको भन्दै ढकालले दुवै वस्तुको आयात घट्दै गएकाले रावस्व संकलनको लक्ष्य हासिल गर्न नसकिएको बताए ।

उनले वीरगञ्ज नाका प्रयोग गरी नेपालका लागि आयात हुने इन्धनबाट संकलित हुने राजस्व गत आवको तुलनामा ११ प्रतिशत र वाहनबाट संकलन हुने राजस्वमा १० प्रतिशतले कमी आएको बताए ।

## सूचना ! सूचना ! सूचना !

हेटौंडा उपमहानगरपालिका एवं हेटौडा स्थित बिभिन्न कार्यालय र संघसंस्थाहरुको कामकाजमा बहिरा व्यक्ति तथा सुस्त श्रवण व्यक्तिसंगको सञ्चारलाई सहजीकरण गर्न हेटौंडा उपमहानगर पालिका र मकवानपुर बहिरा संघको साझेदारीमा सांकेतिक भाषा सहजीकरणको लागि दोभाषेको व्यवस्था गरिएको हुँदा आवश्यक परेमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौ ।

**सम्पर्कको लागि**

महिला तथा बालबालिका विकास महाशाखा

सम्पर्क नं : ०५७-५९०१०३

अम्बिका घिमिरे - ९८२१८५२६३३ (दोभाषे)

**हेटौंडा उपमहानगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

# वक्तृत्वकलामा जिएसका आदर्श प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ विज्ञान शिक्षक समाज नेपाल (स्टान) मकवानपुरको आयोजनामा भएको वक्तृत्वकला प्रतियोगितामा जीएस निकेतन विद्यालयका आदर्श पौडेल प्रथम भएका छन् ।

नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयमा भएको 'समृद्ध समाज निर्माणका लागि विज्ञान शिक्षाको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगितामा पौडेल प्रथम भएका हुन् । जीएसकै प्रतिशा कार्की द्वितीय, चण्डीका माध्यमिक विद्यालयकी तेजकुमारी बास्कोटा तृतीय, बालजागृति इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूलका छात्रा रीतिका छत्कुली र नवोदय शिशुसदन विद्यालयको छात्रा विदुषी हुमागाई सान्त्वना हुन सफल भए ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमश: नगद ६ हजार, ५ हजार, ४ हजार, ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको थियो । स्टान मकवानपुरले आयोजना गरेको गाउँपालिका र नगर पालिकामा विजयी भएका २५ जना विद्यार्थीले प्रतियोगितामा सहभागिता जनाएका थिए ।

प्रतियोगितामा साहित्यकार देवराज तिवारी, चिरन्जीवि लामिछाने र शान्तिप्रिय बन्दनाले निर्णायकको भूमिका निर्वाह गरेका थिए । स्टान मकवानपुरका अध्यक्ष खेमराज लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यता रहेको थियो ।

# केसीलाई ह्वीलचियर सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ सहयोगी मन नेपालले हेटौंडा उपमहानगरपालिका वडा-२ निवासी कृष्ण केसीलाई ह्वीलचियर सहयोग गरेको छ ।

पक्षघात पीडित ५० वर्षीय केसीलाई शनिबार उनकै निवासमा पुगेर ह्वीलचियर सहयोग गरिएको संस्थाका अध्यक्ष केदारप्रसाद चौलागाईले जानकारी दिए । उनले भने, 'उहाँ पक्षघातले थलिनुभएको र घर बाहिर-भित्र गर्न सहज होस भनेर ह्वीलचियर सहयोग गरिदिन उहाँको परिवारले अनुरोध गर्नुभएपछि हामीले सहयोग उपलब्ध गराएका हौँ ।',

ह्वीलचियर हस्तान्तरण कार्यक्रममा नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, सचिव भीमसेन महतलगायतको सहभागिता रहेको थियो । सहयोगी मन नेपालले यसअघि पनि सामाजिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएको छ ।

# राक्सिराङमा वृद्धमाथि कुटपिट




साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ मकवानपुरको राक्सिराङ गाउँपालिका-२ बलेटारमा एक वृद्धमाथि कुटपिट भएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाकाअनुसार शुक्रबार साँझ स्थानीय ५७ बर्षीय धनबहादुर ब्लोनले ६३ बर्षीय वृद्ध बिमानसिं मोक्तानलाई कुटपिट गरेका हुन् । ब्लोनको कुटाईबाट मोक्तान घाइते भएका छन् । उनको उपचारका लागि चितवन पठाइएको प्रहरीले जनाएको छ । कुटपिट गर्ने ब्लोनलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

## डेंगु रोग सम्बन्धि जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो । यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ । डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन् ।



- उच्च ज्वरो आउनु ।
- आँखाको गेडी वरिपरि तथा टाउकाको पछाडीको भाग दुख्ने ।
- जिउ दुख्ने ।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्ने ।
- छालामा बिमिरा आउने ।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने ।

डेंगु रोगको उपचार :

- डेंगु रोग भाईरसको कारणबाट हुनेहुंदा खास उपचार र खोप नभएकाले समयमै स्वास्थ्य सस्था वा अस्पताल गई लाक्षणिक उपचार गर्नु पर्दछ ।

डेंगु रोगबाट बच्ने उपायहरु :



- डेंगु ज्वरोबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नु पर्छ ।
- लामखुट्टेको टोकाइबाट बच्नका लागि दिनको समयमा पुरै शरिर ढाकिने गरी लुगा लगाउने ।
- सुत्दा झुलको प्रयोग गर्ने ।
- जम्मा भएको सफा पानीमा डेंगु रोग सार्ने लामखुट्टेको बासस्थान हुने भएकाले घर वरिपरिको पानी जम्ने स्थानहरु जस्तै: खुल्ला पानी ट्याङ्की, टायर, गमला तथा कुनैपनि भाडामा लामो समयसम्म पानी जम्न नदिने र प्रत्येक ३ वा ४ दिनमा भाडा खाली गर्ने ।
- घरायसी प्रयोजनका लागि संकलन गरिएको पानीको भाडा राम्रोसंग ढाक्ने ।
- नियमित वातावरणीय सरसफाई गर्ने ।

**हेटौंडा उपमहानरपालिका १६ नं वडा कार्यालय**
हेटौंडा, मकवानपुर

# ग्यास व्यवसायी संघको अध्यक्षमा मुडवरी

साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ मकवानपुर ग्यास व्यवसायी संघको अध्यक्षमा केशव मुडवरी चयन भएका छन् । शनिबार भएको संघको ११ औं वार्षिक साधारणसभा तथा पाचौं अधिवेशनबाट मुडवरीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो ।



संघको उपाध्यक्षमा नवीन लामा, सचिवमा मदनकुमार न्यौपाने, कोषाध्यक्षमा कृष्णबहादुर ढुंगाना चयन भए । यसैगरी सदस्यमा रमेशप्रसाद कँडेल, रुपक वस्ताकोटी, कृष्ण मोक्तान, सञ्जय शौनियार, गोपाल श्रेष्ठ, सुदर्शन सुवेदी, राधाकृष्ण पराजुली, उत्तम पण्डित, अजय दंगाल, जीतबहादुर सारुमगर चयन भएका छन् । मकवानपुर ग्यास व्यवसायी संघका अध्यक्ष दिलिसगोविन्द जोशीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा नेपाल एलपी ग्यास उद्योग संघमा नवनिर्वाचित अध्यक्ष शिवप्रसाद घिमिरे, व्यवसायी कृष्णबहादुर ढुंगाना, पत्रकार सुजन ढकाल, साहारा ग्यास र बाबा ग्यास उद्योगलाई सम्मान गरिएको थियो । ग्यास व्यवसायी संघ बागमती प्रदेशका अध्यक्ष विनोदमान श्रेष्ठ, ग्यास विक्रेता महासंघका पूर्वअध्यक्ष महेश्वर श्रेष्ठ, मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, संघका वस्तुगत उपाध्यक्ष राजु अधिकारी, संघका उपाध्यक्ष प्रमोदसिंह रानाभाट, होटल एसोसिएसन अफ मकवानपुरका उपाध्यक्ष कल्याण पौडेललगायतको आतिथ्यता रहेको थियो ।

# मनहरीमै पोष्टमार्टम सेवा दिन स्वास्थ्यमन्त्रीको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/मनहरी गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्र हालको मनहरी प्रस्तावित अस्पतालमै पोष्टपार्टम सेवाका साथ अन्य सेवा थप गर्नको लागि स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको ध्यानाकर्षण गराइएको छ ।



स्वास्थ्यमन्त्री बस्नेत शनिबार हेटौंडा आएको अवसरमा मनहरी गाउँपालिका-७ नम्बर वडाध्यक्ष ठाकुराम तितुङसहितका मनहरीका अगुवाले अस्पतालको स्तरवृद्धिका साथै अन्य सेवा थप गर्न स्वास्थ्यमन्त्रीलाई आग्रह गरेका हुन् । मनहरी, कैलाश तथा राक्सिराङ गाउँपालिकामा भवितव्य भई मृत्यु भएकाहरुको पोष्टमार्टम गर्न हेटौंडा अस्पतालमै पुऱ्याउनुपर्ने बाध्यता रहेकाले मनहरी अस्पतालमै पोष्टमार्टम सेवा सञ्चालन गर्नसके सो भेगलाई सहज हुने कुरा स्वास्थ्यमन्त्रीलाई अवगत गराइएको थियो ।

अस्पताललाई आवश्यक पर्ने जनशक्ति र भौतिक पूर्वाधारको विकास गर्न आवश्यक बजेटको व्यवस्था गर्न पनि स्वास्थ्यमन्त्रीसमक्ष माग गरिएको थियो । मनहरी अस्पतालमा स्वास्थ्यबिमाका बिरामीको उपचार गराएको करिब एक करोड रुपैयाँ भुक्तानी पाउन ढिलाई भएको भन्दै स्वास्थ्यमन्त्रीको ध्यानाकर्षण गराइएको थिया । ध्यानाकर्षणपत्र बुझाउने कार्यक्रममा मनहरी निवासी बागमती प्रदेशका निवर्तमान भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजा, मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका पूर्वअध्यक्ष नारायण सुबेदीलगायतको उपस्थिति रहेको थियो ।

# जनसेवक कर्मचारी सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, २० असोज/ हेटौंडा उपमहानगरपालिका-४, स्थित जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्था लिमिटेडको शनिवार १५ औं बार्षिक साधारणसभा भएको छ ।

साधारणसभा कार्यक्रममा ज्येष्ठ शेयर सदस्य नरबहादुर राई, असलबचतकर्ता नीला सुवेदी, असलऋणी रीता रिजाल, उत्कृष्ट बालबचतकर्ता लमिन बललामा र उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिएको थियो । संस्थाको सिमेन्ट व्यवसायमा अधिक सिमेन्ट खरिद गर्ने भिजन कन्स्ट्रक्सनका सञ्चालक भरत सापकोटा, शेयर सदस्यवृद्धिमा उत्कृष्ट सहयोग गर्ने सञ्चालक सदस्य भरतकुमार भण्डारी र निवर्तमान अध्यक्ष महेशकुमार सिग्देललाई संस्थाले सम्मान गरेको हो ।

जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललित घलानको प्रमुख आतिथ्यता एवं संस्थाका अध्यक्ष वसन्तराज गौतमको सभाध्यक्षतामा कार्यक्रम भएको हो । प्रमुख अतिथि घलानले चाडपर्व नजिकिँदै गर्दा कालोबजारी पनि बढ्ने भएकोले सहकारीले सर्वसुलभ दरमा सेवा प्रदान गर्नुपर्ने बताए ।

कार्यक्रममा जिल्ला सहकारी संघ मकवानपुरका राजकुमार केसी, संस्थाका सल्लाहकार शिवप्रसाद बन्जारालगायतको आतिथ्यता रहेको थियो । ६ सय ९४ जना शेयर सदस्य आवद्ध संस्थाको शेयरपुँजी १ करोड ८९ हजार ५ सय रुपैयाँ रहेको छ । कुल बचत ३ करोड ८३ लाख ८४ हजार रुपैयाँ रहेको छ ।

## नागरिकको कर्तव्य पूरा गरौं, भ्रष्टाचार र अनियमितता बिरुद्धमा उजुरी गरौं ।

- घुस लिने र दिने दुवै अपराधी हुन् ।
- सार्वजनिक सम्पत्ति साझा सम्पत्ति भएकोले दुरुपयोग हुन नदिऔं ।
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।

**तसर्थ:**

- भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा भएमा राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजुरी दिऔं ।
- विकास निर्माणका आयोजनाहरुमा प्राविधिक परीक्षण गराऔं ।
- सार्वजनिक खरिद ऐन र नियमावली पालना गरी आयोजना सम्पन्न गराऔं ।
- सुशासन र सदाचार पद्धति कायम राख्ने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना